## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ५ प्रमाणीकरण मिति :- २०७७/१०/०६

प्रकाशन मिति :- २०७७/११/२५

## भाग - २

# एकल महिला तथा युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना** :- भजनी नगरपालिका कृषि, पशुपंक्षी तथा अन्य क्षेत्रमा स्वरोजगारका क्षेत्रमा धेरै सम्भावना रहेको क्षेत्र हो । यस भजनी नगरपालिका अन्तर्गतका बेरोजगार रहेका कृषक युवा तथा कृषि उद्यमीहरुले स्थानीय स्तरमै स्वरोजगार हुने किसिमको पशुपंक्षी, माछा तथा तरकारी, खाद्यन्न बालीको खेती गर्न सक्ने सम्भावना भएको क्षेत्रमा कृषि, पशुपंक्षी व्यवसायलाई अझ उत्पादनशिल बनाई स्थानीय युवाहरुको वैदेशिक रोजगार माथीको बढ्दो निरभरतालाई कम गर्न तथा युवा जनशक्तिको उर्जालाई कृषि व्यवसायमा लगाई यस न.पा.लाई कृषि तथा पशुजन्य पदार्थमा आत्म निर्भर बनाउन बान्छनीय भएकोले कृषि प्रबर्द्धन ऐन २०७५ को दफा ३६ बमोजिम यो कार्यविधि पारित गरि लागु गरिनेछ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**(क) यो कार्यविधिको नाम भजनी नगरपालिका कृषि तथा पशु सेवा शाखा अन्तर्गत रहेको "**एकल महिला तथा युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७**" रहनेछ ।

(ख) यो कार्यविधि भजनी नगर कार्यपालिकाबाट पारित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यालय, भन्नाले भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्छ ।

(ख) शाखा, भन्नाले कृषि र पशु सेवा शाखा बुझ्नु पर्छ ।

(ग) कृषि, भन्नाले बाली नाली मसला, तरकारी, फलफुल, खाद्यन्न,च्याउ, मौरी र सो बाट उत्पादित बस्तुहरुलाई समेत जनाउने छ ।

(घ) पशु भन्नाले घरमा पालिएका पशु-पंक्षी, माछा तथा घाँस खेती र पशुपंक्षीबाट उत्पादित बस्तुहरुलाईसमेत जनाउने छ ।

(ङ) मुल्याङ्कन समिति भन्नाले भजनी नगरपालिका कृषि व्यवसाय प्रर्वद्धन ऐनको दफा ६ बमोजिमको समिति बुझ्नु पर्छ ।

(च) युवा लक्षित कार्यक्रम, भन्नाले युवाहरुलाई कृषि, पशुपंक्षी तथा अन्य स्वरोजगार मुलक क्षेत्रमा व्यवसाय गर्ने बुझ्नु पर्छ ।

(छ) युवा, भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ बर्ष देखि ४० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ ।

(ज) एकल महिला, भन्नाले पतिको मृत्यु पश्चात एकल जिवन व्यतित गरि रहेका महिला, न्यायिक पृथकीकरणबाट एकल भएका महिला, ४० वर्षभन्दा माथीका अविवाहित महिलालाई बुझ्नुपर्ने छ ।

**३. कार्यक्रमको उद्देश्य :**यस युवा लक्षित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) कृषि प्रविधिहरु कृषकस्तरमा अनुसरण गराउने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसर सृजनागरी रोजगारीको लागि युवा विदेशीने क्रमको न्युनिकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) तरकारी फलफुल, च्याउ, खाद्यन्न बाली,पशु पंक्षी तथा माछा पालन ब्यवसायिकरणबाट ब्यवसायिक पद्धतिको अवलम्बन गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र आयत प्रतिस्थापन गर्ने ।

(घ) एकल महिला, विपन्न, गरिब, असहाय, अपाङ्गता भएका, विपन्न दलित महिला, द्धन्द पिडित महिला तथा युवाहरुको आय अर्जनमा टेवा पुऱ्याई जीवनस्तरमा सुधार ल्याउने ।

**४. कार्यक्रम संचालन गर्ने क्षेत्र** : यस कार्यविधी बमोजिम नगरपालिकाले देहायका क्षेत्रहरुमा केन्द्रित रहि कार्यक्रम संचालन गर्ने छ :

क) कृषि तथा पशुपक्षिंमा आधारीत उद्यम व्यवसाय ।

ख) वन पैदावारमा अधारीत उद्यम व्यवसाय ।

ग) खाद्य तथा वन पैदावार प्रशोधनमा आधारीत उद्यम व्यवसाय ।

घ) नगरपालिकाले आवस्यकता महसुस गरी उपयुक्त ठानी छनौट गरेका कृषि तथा पशुपंक्षीमा आधारीत अन्य उद्यम व्यवसाय ।

**५. लक्षित वर्ग** : (क) सक्रिय मानव संसाधनको रुपमा रहेका १८ देखि ४० बर्ष उमेरका कृषि, पशुपक्षिं तथा अन्य ब्यवसायमा संलग्न वा सो व्यवसाय सुरु गर्न चाहने नियम अनुसार दर्ता भएका निजि फर्म,

समुह, समिति,कृषि उद्यमी तथा प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत भएका युवाहरुलाई प्राथमिकतामा पर्नेछन ।

(ख) बुदा २ (ख) बमोजिमका एकल महिला, विपन्न, गरिब, असहाय, अपाङ्गता भएका महिला, विपन्न दलित महिला, द्धन्द पिडित महिलासमेत यस कार्यक्रमको प्राथमिकतामा पर्नेछन ।

६. **मुल्याङ्कन तथा छनौट समिति :** यस एकल महिला तथा युवा लक्षीत कार्यक्रममा सहभागी हुन चाहने निवेदकहरुबाट सहभागीहरुको मुल्याङ्कन तथा छनौट भजनी नगरपालिका कृषि व्यवसाय प्रर्वद्धन ऐनको दफा ६ बमोजीमको समितिले गर्ने छ र सो समितिमा सम्बन्धीत शाखाको शाखा प्रमुखले सदस्य सचिवको रुपमा काम गर्नुपर्ने छ ।

**७.व्यवसायिक कृषि तथा पशुपालन फार्म** : (१) यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका कृषि तथा पशुपालन फार्मरहने छन ।

(क)तरकारी खेती कार्यक्रम प्रयोजनको लागी न्यनतम ५ कट्ठा क्षेत्रफलमा तरकारी खेती गरीरहेका वा तरकारी खेती सुरु गर्ने फार्मलाई व्यवसायिक तरकारी फार्म मानिनेछ ।

(ख)पंक्षी पालनकार्यक्रम प्रयोजनको लागी न्युनतम ५०० वटापक्षीं पालन गरिरहेको वा पालन व्यवसाय सुरु गर्ने फार्मलाई व्यवसायिक पक्षीं फार्म मानिनेछ ।

(ग)माछा पालनकार्यक्रम प्रयोजनको लागीन्युनतम५ कठ्ठा जलाशयमा माछापालन गरिरहेको वा माछापालन सुरु गर्ने फार्मलाई व्यवसायिक माछापालन फार्म मानिनेछ ।

(घ) भेडा/बाखा पालन कार्यक्रम प्रयोजनको लागीन्युनतम १५ वटा प्रजनन् योग्य बाखा/भेडापालन गरिरहेको वा सो संख्यामा भेडा/बाखापालन गरि व्यवसाय सुरु गर्ने फार्महरुलाई व्यवसायिक भेडा/बाखा फार्म मानिनेछ ।

(ङ) बंगुर पालन कार्यक्रम प्रयोजनको लागी न्युनतम ६ वटा प्रजनन् योग्य (भुनी माउ) बंगुरपालन गरि रहेको वा सो संख्यामा बंगुरपालन गरी व्यवसाय सुरु गर्ने फार्महरुलाई व्यवसायिक बंगुर फार्म मानिनेछ ।

(च) गाई/भैसी पालन कार्यक्रम प्रयोजनको लागी न्यनतम ४ वटा प्रजनन् योग्य भैसी वा उन्नत जातको गाईपालन गरिरहेको वा सो संख्यामा गाई/भैसीपालन गरि व्यवसाय सुरु गर्ने फार्महरुलाई व्यवसायिक गाई/भैंसीफार्म मानिनेछ ।

(छ) च्याउ खेती कार्यक्रम प्रयोजनको लागी बाँसको टनेल सहित न्यनतम १०० डल्ला वा विना टनेल १५० डल्ला प्रयोग गरि खेती गरि रहेको वा सो संख्यामा खेती गरी व्यवसाय सुरु गर्ने फार्महरुलाई व्यवसायिक च्याउ खेती मानिनेछ ।

(ज) मौरीपालन कार्यक्रम प्रयोजनको लागी न्युनतम २० वटा मौरी सहितको घार प्रयोग गरि मौरीपालन गरिरहेको वा सो संख्यामा घारको प्रयोग गरि व्यवसाय संचालन गर्ने फार्महरुलाई व्यवसायिक मौरीपालन फार्म मानिनेछ ।

(झ) नर्सरी खेती कार्यक्रम प्रयोजनको लागी न्युनतम (६X१२) मिटरको ग्रीन हाउस सहित ५००० भन्दा बढी तरकारीको बेर्ना वा ४००० भन्दा बढी फलफूलको विरुवा वा  पुष्प खेती संचालन गरि रहेको वा सो संख्यामा नर्सरी खेती गर्ने फार्मलाई व्यवसायिक नर्सरी खेती मानिनेछ ।

(ञ) फलफूल खेती कार्यक्रम प्रयोजनको लागी २ वर्ष भित्रमा फल्ने हुने फलफुलहरु स्ट्रबेरी, केरा, लिच्ची, आँप,मेवा, भुईकटहर जस्ता फलफूलहरु न्यनतम ५ कठ्ठामा खेती गरि रहेको वा सो संख्यामा खेती गरि व्यवसाय संचालन गर्ने फार्महरुलाई व्यवसायिक तरकारी फार्म मानिनेछ ।

(ट) जटीबुटी खेती प्रयोजनको लागी न्युनतम ५ कठ्ठा जग्गामा जटीबटी खेती गरिरहेको वा खेती गरी व्यवसाय संचालन गर्ने वा प्रसोधन गर्ने फार्महरुलाई व्यवसायिक जटीबुटी फार्म मानिनेछ ।

(२) उपबुदा १ मा जुनसुकै कुरा उल्लेख भएता पनि विपन्न, गरिब, असहाय, अपाङ्गता भएका महिला, विपन्न दलित महिला, द्वन्द पिडित महिला, एकल महिलाको हकमा उल्लेखित मापदण्डको ५०% (पचास प्रतिसत) पुरा गरे पनि व्यवसायिक फार्म मानिनेछ ।

(३) उपबुदा १ मा जुनसुकै कुरा उल्लेख भएता पनि व्यवसाय संचालन गरिरहेको उद्यमी यस कार्यक्रमको पहिलो प्राथमिकतामा पर्ने छ ।

**८. अनुदान रकमको उपयोग**ः यस कार्यक्रमबाट उपलब्ध हुने रकम व्यवसायीहरुले तरकारी तथा फलफुल को उन्नत बीउ बीजन, मौरी घार, कृषि सामाग्रीहरु, विषादी, शुक्ष्म खाद्यतत्व, टनेल निर्माण, ग्रीन हाउस निर्माण जस्ता कृयाकलापमा प्रयोग गर्न सकिन्छ तर यो रकमबाट रसायनिक मल खरिद गर्न पाइने छैन । साथै पशुपंक्षी तथा माछा पालनका लागि खोर निर्माण,पोखरी निर्माण, दाना खरिद, आवश्यक सामाग्री खरिद गर्न पाइने तर औषधी तथा खोपमा उक्त रकम प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद २

## कार्यक्रम संचालन

**९. कार्यक्रम संचालन प्रक्रिया :**कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**(क) प्रस्ताव आह्वान** : कृषि, पशुपंक्षी वा सो सँग सम्बन्धीत अन्य स्वरोजगार कार्यक्रम संचालनका लागि सुचना मार्फत कार्यालयमा प्रस्ताव आह्वान गरिनेछ । प्रस्ताव आह्वानको सुचना अनुसुची १ बमोजिम हुनेछ । अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन पत्र र सक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसुची (२) र अनुसुची (३) बमोजिम हुनेछ ।

(ख) **प्रस्ताव मुल्याङ्कन तथा छनौट मापदण्ड :** खण्ड (क) को आहवान बमोजिम पेश हुनआएका प्रस्तावहरुलाई बुदानं. ६ को समितिले अनुसुचि (४) अनुसार मुल्याङ्कन र फिल्ड प्रमानिकरण गर्नेछ ।

**(ग) छनौट भएका व्यवसायसंग सम्झौता** :समितिले छनौट गरि पठाएका प्रस्तावकसँग कार्यालयले सात दिनको समयावधि दिई सम्झौता गर्न आह्वान गर्नु पर्ने छ र सो अवधी भित्र सम्झौता गर्न आएका प्रस्तावकसँग कार्यालयले अनुसुची ५ बमोजिम द्धिपक्षिय सम्झौता गर्नुपर्ने छ ।

**१०. छनौट भएको व्यवसायलाई रकम उपलब्ध गराउने तरिका :**मुल्याङ्कन तथा छनौट समितिले छनौट गरी सम्झौता भएका व्यावसायीलाईअनुसुची. ६ बमोजिमको रकम अनदान सम्झौता बमोजिम एक मुष्ट

रुपमा वा २ किस्तामा रकम उपलब्ध गराईनेछ । रकम उपलब्ध गराउदा अनुगमन समितिको स्थलगत अनुगमन पश्चातकार्य सम्पन्न भएको व्यहोराको सिफारिस सम्बन्धीत शाखाबाट प्राप्त भएपछि सकल विल भर्पाई अनुसार अनुदान ग्राहीलाई बाँकीअनुदान रकम कार्यालयको नियमानुसार उपलब्ध गराईनेछ ।

## परिच्छेद ३

## विविध

**११. अनुगमन तथा मुल्याङ्कन :** (१) कार्यक्रमको अनुगमन नगरस्तरिय अनुगमन समितिले गर्ने छ र सम्बन्धीत शाखाले नियमित अनुगमन गरी लिखित प्रतिबेदन पेश गर्नुपनेछ ।

(२) सम्बन्धीत व्यवसायीले अनुसुची ७ बमोजिम प्रगति विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१२. कारवाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका कृषक व्यवसायीले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुलउपर गरिनेछ । साथैउक्त व्यवसायीलाईभविस्यमा नगरपालिकाबाट वा अन्य कुनै सरकारी निकायबाट प्रदान गरिने कुनै पनि प्रकारको अनुदान सहयोगमा सहभागी गराईने छैन ।

१३. प्र**चलित कानुन लागु हुने** : एकल महिला तथा युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुनेछ ।

१४ **कार्यविधि संसोधन तथा परिमार्जन :**यस कार्यविधिको मुल लक्ष्यमा फरक नपर्ने गरि कार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संसोधन गर्न सक्नेछ ।

## अनुसूची १

(बुदा नं. ९ (क) सँग सम्बन्धीत)

भजनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कृषि / पशु सेवा शाखा भजनी कैलाली

अनुदानको लागि प्रस्ताव अहवानको लागि सुचना

प्रकासित मिति ..................

यस नगरपालिका कृषि/पशु सेवा शाखा को आ.व. ........... वार्षिक स्वीकृत कार्यक्रम अनुसार बेरोजगार युवा/एकल महिलालाई आत्मनिर्भर स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न व्यवसाय को माध्मबाट स्वरोजगार प्रवर्द्धन कार्यक्रम भएको हुदा यस नगर क्षेत्र भित्र बसोबास गर्ने बेरोजगार युवा १८ देखि ४०

बर्ष उमेरका कृषि उद्यमी/एकल महिलाबाट निम्न अनुसार हुनेगरी प्रस्ताव पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

१ यस कार्यक्रम भजनी नगरपालिका भरी लागु हुनेछ।

२ प्रस्तावकले कम्तीमा ५० प्रतिशत स्वयम लगानी गर्ने गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

३.प्रस्तावकले कुनै निकाय बाट उस्तै प्रकृतिको अनुदान लिईरहेको खण्डमा यो कार्यक्रम लागु हुनेछैन।

४. प्रस्तावकले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकीएको ढाँचा अनुसारको निवेदन सहित कार्ययोजना सम्बन्धीत शाखामा पेश गर्नु पर्ने छ। समयावधी भन्दा पछि दर्ता हुन आएमा कार्यालय दर्ता गर्न बाध्य हुने छैन।

४. आवश्यक कागजातहरु

- अनुसुची २ बमोजिम तोकिएको ढाचा अनुसारको निबेदन फारम
- अनुसुची ३ बमोजिम तोकेको ढाचा अनुसार संक्षिप्त कार्ययोजना
- नेपाली नागरिकताको प्रतिलिपि
- जग्गाको स्वमित्व खुल्ने कागजात
- सम्बन्धित वडाको सिफारिस पत्र
- फार्म/समुह/समिति दर्ताको प्रमाणपत्रको प्रतिलिपी

**अनुसुची २**

(बुदा नं. ९ (क) सँग सम्बन्धीत)

श्री.............................

..............................।

विषय : ....................... कार्यक्रममा समाबेश गरी पाउँ बारे।

महोदय,

भजनी नगरपालिका कृषि/पशु सेवा शाखा बाट मिति ..................................मा प्रकाशित सुचना अनुसार मलाई .........................ब्यवसाय गर्न तिब्र इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु यसै नबेदन साथ संलग्न राखी निबेदन पेश गर्दछु। मैले सो कार्यक्रम प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित क्षेत्र भित्र रहि कार्य गर्नेछु। निबेदक

नाम,थर :

दस्तखत :

ठेगाना :

फोन नं.

## अनुसुची ३

(बुदा नं. ९ (क) सँग सम्बन्धीत)

कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना :

१.प्रस्तावकको नाम,थर :

२.व्यवसायको नाम :

३. व्यवसाय संचालन गरिने स्थान :

४. व्यवसाय संचालनका लागि रहेका पूर्वधारहरु :

५. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्यविवरण :

| क.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नोट : न्यनतम अनुदान रकमको २५ प्रतिशत रकम स्वयम बेहोर्ने गरी प्रस्तावित योजना समाबेश गर्नु पर्नेछ।

६ उत्पादित बस्तुको खपत गर्ने बजार ........................................................

प्रस्ताव पेश गर्ने

नाम,थर :

हस्ताक्षर :

फोन नं. :

## अनुसुची ४

(बुदा नं.९ को ख संग सम्बन्धीत)

प्रस्ताव मुल्याङ्कन तथा छनौटका आधारहरु

| **क.स.** | **प्रस्ताव मुल्याङ्कन तथा छनौटका आधारहरु** | **अंक भार** |
|---|---|---|
| १ | स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने | ३० अंक |
| २ | बजारको सरल पहुँच र सुनिश्चितता भएको | २० अंक |
| ३ | लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने | २० अंक |
| ४ | थप रोजगारीको सृजना हुने | १० अंक |
| ५ | जोखिम कम रहने उद्यम | १० अंक |
| ६ | पूर्व अनुभव तथा विशेष सिप भएको | १० अंक |
| ७ | कुल जम्मा अंक | १०० |

# अनुसुची ५

बुदा नं. ९ (ग) संग सम्बन्धीत

लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

.....................र...................................बीच ...........................कार्यक्रम अन्तर्गत ........................योजना संचालनका लागि भएको सम्झौता पत्र

.............यस पछि प्रथम पक्ष भनिने र .........................यस पछि दोस्रो पक्ष भनिने बीच आ.व........................कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने परियोजनका लागि तपशिल शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहनेगरी द्विपक्षिय सम्झौता गरिएको छ ।

शर्तनामाहरु

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम संचालनका लागि जम्मा अनुदान रकम रु ...................(अक्षेरुपी ...................................मात्र ) प्रदान गरिने छ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क.स. | विवरण | ईकाइ | परिमाण | दर | जम्मा रकम रु | कार्यालयको अनुदान रकम रु | आबेदकको स्वलगानी रु |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| | जम्मा रु | | | | | | |

३ .दोस्रो पक्षले संचालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथमपक्षले प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा कार्यक्रम सम्बन्धी पूर्णजानकारी झल्कीने बोर्ड राख्नु पर्नेछ ।

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

६ दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति ......................भित्र अनिवार्य रुपले सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

७. भुक्तानी समबन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजातहरु पेश गरिसकेपश्चात प्रथम पक्षले स्थलगत निरिक्षण गरी तयार गरेको कार्य सम्पन्न प्रतिबेदनका आधारमा दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिइनेछ ।

८. दोस्रो पक्षले अनिवार्य रुपमा समाजिक परिक्षण गराउनु पर्नेछ ।

९. यस सम्झौता मा उल्लेखित शर्तहरु दुबै पक्षहका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन कुनै पनि पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्का पक्ष एकतर्फि रुपमा सम्झौता भंग गर्न स्वतन्त्र हुनेछ ।

१० यस सम्भौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानुन बमोजिम हुनेछन ।

प्रथम पक्ष तर्फबाट
नाम :
पद :
मिति :
कार्यालयको छाप :

दोस्रो पक्षको तर्फबाट
नाम :
पद :
मिति :
छाप :

## अनुसुची ६

(बुदानं. १०संग सम्बन्धित )

कार्यक्रम संचालन गरिने कृषि, पशुपंक्षि तथा अन्य ब्यवसाय मापदण्ड  तथा अनुदान रकम

| क.स. | बाली,/पशु,माछा | अनुदान रकम अधिकतम रु ( हजारमा) |
|---|---|---|
| कृषि तर्फ | | |
| १ | तरकारी | ५० |
| २ | च्याउ | ५० |
| ३ | मौरी | ५० |
| ४ | नर्सरी | ५० |
| ५ | फलफुल | ५० |
| ६ | मसला/वटीबुटी प्रशोधन | ५० |
| पशुपंक्षी तथा माछा तर्फ | | |
| १ | बाखा/ भेडा | १०० |
| २ | बंगुर | १५० |
| ३ | कुखुरा | १०० |
| ४ | गाई/भैंसी | २०० |
| ५ | माछा | १०० |

## अनुसुची ७

बुदा११ (२) संग सम्बन्धित

कार्यसम्पन्न प्रतिबेदनको ढाँचा

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

........................शाखा

.....................................कार्यक्रम

<u>कार्यसम्पन्न प्रतिबेदन</u>

योजनाको नाम :　　　　　　　　खुद बढी भएको  रकम रु

स्थान :　　　　　　　　खुद घटी भएको रकम रु.

सम्झौता मिति :　　　　　　　　घटी बढी हुनुको कारण :

इष्टिमेट अनुसारको रकम रु. :　　　　　　　　कृषक /कृषक संस्थाको नाम :

खुद कार्य भए बमोजिमको  रकम रु. :　　　　　　　　सम्पर्क ब्यक्ति /अध्यक्षको नाम :

| क.स. | कार्य विवरण | इकाइ | लागत इष्टिमेट अनुसार | खुद काम (स्थलगत सर्वेक्षण अनुसार ) | फरक | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्ने काम गर्ने जाँच गर्ने सदर गर्ने

**अनुसुची ८**

आबेदकको अभिलेदको ढाँचा

आ.व.

कार्यक्रमको नाम

| क.स. | आबेदक कृषक /कृषक संस्थाको नाम | ठेगाना | फोन नं | कार्यक्रमको जम्मा लागत रु | अनुदान रकम रु | कार्यक्रमबाट लाभन्वित कृषक संस्था | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पु. | म. | दलित | आ.ज. | अन्य | जम्मा |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**आज्ञाले**

**प्रमुख प्रशासकिय अधिकृत**